# विपन्न तथा जेहन्दार किशोरीलाई प्राविधिक विषयको उच्च शिक्षामा छात्रवृत्ती उपलब्ध गराउने कार्यविधि, २०७६

**<u>प्रस्तावना:</u>** विपन्न र जेहन्दार किशोरीहरुलाई प्राविधिक विषयको उच्च शिक्षाबाट बन्चित हुन् नदिन राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत नेपालका शिक्षण संस्थाहरुमा अध्ययन गर्नको लागि उच्च शिक्षामा छात्रवृत्ती उपलब्ध गराउने व्यवस्थालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "विपन्न तथा जेहन्दार किशोरीलाई प्राविधिक बिषयको उच्च शिक्षामा छात्रवृत्ती उपलब्ध गराउने कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद - २
## <u>परिभाषा</u>

२. प<u>रिभाषा</u>: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(ख) "सामाजिक विकास मन्त्रालय" भन्नाले प्रत्येक प्रदेशमा रहेका सामाजिक विकास मन्त्रालय भन्ने सम्झनुपर्छ।

(ग) "विपन्न" भन्नाले नेपाल सरकारले तोकेको आय भन्दा कम भएका व्यक्ति वा परिवार भन्ने सम्झनु पर्छ ।

(घ) "जेहन्दार किशोरी" भन्नाले पढाईमा तिक्ष्ण भएका मेहनति, लगनशील, उच्च शिक्षा हासिल गर्न प्रतिबद्द किशोरी भन्ने सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद - ३
## <u>छात्रवृत्ती प्रक्रिया</u>

३. <u>छात्रवृत्ती प्रदान गरिने</u>: (१) प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यस कार्यविधि बमेजिम विपन्न तथा जेहन्दार किशोरीहरुलाई प्राविधिक विषयमा उच्च शिक्षामा छात्रवृत्ती उपलब्ध गराउने छ ।

(२) उपदफा(१) बमोजिम उपलब्ध गराइने छात्रवृत्तीको संख्या सो प्रयोजनको लागि सामाजिक विकास मन्त्रालय र नेपाल सरकारले विनियोजित गरेको बजेटको आधारमा प्रत्येक प्रदेशबाट दुई दुई जनालाई उपलव्ध गराईनेछ|

(३) उपदफा(२) बमोजिमको संख्यामा उपलब्ध गराइने छात्रवृतिको राशी उच्च शिक्षा अध्ययन अवधिभरको लागि यसै आर्थिक वर्षमा भुक्तानि पाउने गरी जम्मा रु २ लाख ५० हजार हुनेछ |

(४) उपदफा (३) बमोजिमको छात्रवृत्तीको यसै आर्थिक बर्ष भित्र २ किस्तामा उपलब्ध गराइनेछ |

(५) सामाजिक बिकास मन्त्रालयले प्रशासनिक कार्यको लागि अधिकतम रु १ लाख सम्म खर्च गर्न सक्नेछ ।

४. <u>छात्रवृत्ती व्यवस्थापन समिति</u> : (१) विपन्न तथा जेहन्दार किशोरीहरुलाई प्राविधिक विषयको उच्च शिक्षामा उपलब्ध गराउने छात्रवृति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने कार्यको लागि प्रत्येक प्रदेशमा देहाय बमोजिमको एक छात्रवृत्ती व्यवस्थापन समिति रहनेछ|

| | |
|---|---|
| (क) सचिव, सामाजिक विकास मन्त्रालय | अध्यक्ष |
| (ख) उपसचिव, शिक्षा महाशाखा, सामाजिक बिकास मन्त्रालय | सदस्य |
| (ग) उपसचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सदस्य |
| (घ) शिक्षा विकास निर्देशनालयको प्रतिनीधि - १ जना | सदस्य |
| (ङ) उपसचिव, सामाजिक महाशाखा सामाजिक बिकास मन्त्रालय | सदस्य सचिब |

(२) समितिको अध्यक्षले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ |

(३) समितिले विपन्न तथा जेहेन्दार किशोरी छात्रवृत्तीको लागि छनौट गर्ने आधार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक बिद्यालयबाट १२ कक्षा वा सो सरह उत्तीर्ण गरेका जेहेन्दार बालिका,

(ख) बाबुआमा दुबैको मृत्यू भई आनाथ प्रमाणित भएका बालिका वा बाबुआमा मध्ये कुनै एकको मृत्यू भई आर्थिक जोखिममा रहेका वा बाबुआमा दुवै जनाले दोश्रो बिबाह गरि नजिकको नातेदार संग आश्रित बालिका,

(ग) विपन्नताका कारण मानव बेचबिखनको उच्च जोखिममा रहेका बालिका,

(घ) बाबुआमा दुवै आपाङ्गता भएको बालिका,

(ङ) सरकारी सेवाको लाभ प्राप्त नगरेका अति विपन्न आर्थिक स्थिति भएको भनि स्थानियतहबाट सिफारिश भई आएका बालिका,

(च) उल्लेखित आधारहरुका आतिरिक्त दलित, अपाङ्गता आदिवासी जनजाति, भौगोलिक विकटता भएका जेहेन्दार बालिका ।

(४) उपदफा (३) मा उल्लेखित बालिकाहरुलाई छात्रावृत्ति प्रदान गर्दा देहाए बमोजिमको कागजात पेश गर्नु पर्नेछ :-

(क) १२ कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ख) उपदफा ३ को (क) देखि (ङ) सम्मका आफुसँग सम्बन्धित विवरण सहितको कागजातहरुको स्थानीय तहबाट प्रमाणित गरिएको प्रतिलिपि र सिफारिस समेतका कागजतहरू पेश गर्नुपर्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : (१) यस कार्यविधिमा अन्यत्र लेखिएका काम,कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) छात्रवृत्ती प्रदान गर्न सरोकारवाला निकायहरु बीच समन्वय गर्ने;

(ख) छात्रवृत्ती प्रदान गर्न बिपन्न तथा जेहन्दार किशोरी छनोट गर्ने;

(ग) छात्रवृत्तीलाई दिर्घकालिन र प्रभावकारी बनाउनको लागि अबलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा मन्त्रालयलाई सुझाब दिने;

(घ) यस कार्यविधिको उदेश्य पुरा गर्न आवश्यक देखिएको अन्य कम गर्ने, गराउने।

## परिच्छेद-३

## छात्रवृत्ती प्रक्रिया र बजेट सम्बन्धी व्यवस्था

६. बजेट व्यवस्थापनः बिपन्न तथा जेहन्दार किशोरीहरुलाई प्रदान गरिने छात्रवृत्तीका लागि आवश्यक रकम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले नेपाल सरकारबाट प्राप्त अनुदान वा आन्तरिक श्रोतबाट सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ |

७. छात्रवृत्तीको रकम भुक्तानीः दफा ३ को उपदफा ४ बमोजिमको रकम सम्बन्धित किशोरी अध्ययनरत शिक्षण संस्थालाई सोझै भुक्तानी गर्न सकिनेछ ।

८. छनौटको लागि सूचना प्रकाशन गर्नेः (१) समितिले कम्तिमा सात दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तीका लागि सूचना प्रकाशन गर्नेछ |

(२) उपदफा (१) वमोजिमको सूचना सर्वसाधरणको पहुँचमा पुग्ने गरि राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने छ|

९. दरखास्त दिनु पर्नेः (१) छात्रावृत्ती प्राप्त गर्न चाहने किशोरीहरुले दफा ८ बमोजिमको सूचनामा तोकिएको अवधि भित्र आनुसूची मा उल्लेख भएको ढाँचामा दरखास्त दिनुपर्नेछ।

१०. योग्यताक्रमको सूची तयारः (१) दफा ९ बमोजिम प्राप्त हुन आएको दरखास्त तथा सो साथ संलग्न कागजातहरुको छानविन गरी योग्यताक्रम अनुसारको सूचीका आधारमा सर्त्वोकृष्ट अंक प्राप्त गर्ने २ जना किशोरी छनौट गरेर छात्रावृत्ती प्रदान गर्ने।

(२) उपदफा (१) वमोजिमको छात्रवृत्ती प्रदान गर्नको लागि योग्यताक्रमको सूची समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

११. <u>प्राथमिकता पाउने:</u> दफा १० बमोजिम छात्रवृतिको लागि योग्यताक्रम तयार गर्दा एकजना भन्दा बढी किशोरीको समान अकं प्राप्त भएमा देहाय बमोजिम प्राथमिकता पाउनेछः-

(क) अनाथ, बाबु आमा दुवैको मृत्यु भएको ।

(ख) बाबु आमा मध्ये कुनै एकको मृत्यु भएको ।

(ग) विपन्नताका कारण उच्च जोखिममा रहेको ।

१२. <u>वैकल्पिक सूचीमा परेको विधार्थीलाई छात्रावृत्ती प्रदान गरिने:</u> (१) छात्रवृत्तीको लागि छनौट भएको किशोरीले त्यस्तो छात्रवृत्ती लिन नचाहेमा वैकल्पिक सूचीमा नाम समावेश भएको किशोरीलाई योग्यताक्रम अनुसार समावेश गरी छात्रवृत्ती प्रदान गरिनेछ।

## परिच्छेद -४

## <u>अनुगमन, प्रतिवेदन र अभिलेख सम्बन्धी व्यवस्था</u>

१३. <u>अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> (१) छात्रवृत्तीबाट प्राप्त रकम यस कार्यविधि अनुरुप खर्च भए नभएको विषयमा सम्बन्धित प्रदेशले स्थानिय तह मार्फत निरन्तर अनुगमन गर्नु पर्नेछ।

(२) छात्रवृत्ती निकासा दिने निकायले यो कार्यविधि बमोजिम छात्रवृत्ती वितरण गरे नगरेको र वितरण गरेको छात्रवृत्ती सहि उपयोग भए नभएको सम्बन्धमा सम्बन्धित निकायको समन्वयमा अनुगमन गर्न सक्नेछ।

१४. <u>अभिलेख राख्ने:</u> प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले छात्रवृत्ती प्रदान गरिएका किशोरीको विवरण अधावधिक गरी अभिलेख राख्ने र सो को जानकारी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ।

१५. <u>जानकारी गराउनु पर्ने:</u> (१) यस कार्यविधि बमोजिम छात्रवृत्ती प्राप्त गर्ने किशोरीले छात्रवृत्ती प्राप्त गरेको विषयको अध्ययन पुरा नगरी छाडेमा त्यसरी अध्ययन छाडेको एक महिमा भित्र सम्बन्धित शिक्षण संस्थाले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम छात्रवृत्ती प्राप्त गर्ने किशोरीले छात्रवृत्ती प्राप्त गरेको विषयको अध्ययन पुरा गरी प्रमाण पत्र प्राप्त गरेको एक महिना भित्र लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद -५

## <u>विविध</u>

१६. <u>सहयोग गर्नु पर्ने:</u> समिति तथा समितिको सचिवालयको काममा आवश्यक सहयोग गर्नु सरकारी कार्यालयहरु, विश्वविधालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको कर्तव्य हुने छ।

१७. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१८. <u>संशोधन:</u> यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची

(दफा (९) सँग सम्बन्धित)

..........पालिकाको कार्यालय

.........जिल्ला

.......प्रदेश, नेपाल

छात्रवृत्तीको लागि दिने निवेदनको ढाँचा

| फोटो |
| --- |

श्री कार्यालय प्रमुखज्यू,

मार्फत .............................

......... / नगरपालिका/ गाउँपालिका ।

मिति :.................

विषय : छात्रवृत्ती पाउँ ।

महोदय,

निम्न लिखित विवरण सहित छात्रवृत्तीको पाउन यो निवेदन पेश गरेको छु । मैले पेस गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर : ....................

२ उमेर : ...... वर्षः

३ लिङ्ग : महिला

४ जन्म मितिः .......साल....... महिना....... गते

५. ठेगाना :

(क) स्थायी ठेगानाः प्रदेश....... जिल्ला.................गाँउपालिका/नगरपालिका वडा नं.........टोल ............।

(ख) अस्थायी ठेगाना : प्रदेश....... जिल्ला.................गाँउपालिका/नगरपालिका वडा नं.........टोल ............।

(ग) सम्पर्क नं. ............... ................. .................

६. परिवारको सदस्य वा संरक्षकको नाम, थर ................... ............. निवेदकको नाताः..............

७. परिवारको सदस्य वा संरक्षकको टेलिफोन वा मोबाइल नं.: ............. .................. ............

८. बालिकाले उतिर्ण गरेको सार्वजनिक विद्यालयको नाम र उतिर्ण गरेको तह: ............. .................. ............

९. बालिका अध्यनरत शिक्षण संस्थाको नाम: .............................................

निवेदक / परिवारको सदस्य वा संरक्षकको,-

नाम,थरः ......... .............. .......

दस्तखतः ......... ......... ...........

मितिः ...............................